नेपाल सरकार
लगानी बोर्डको कार्यालय

☎ ९७७-१-४४७५२७६
४४७५२७७
४४७५२७८
फ्याक्स: ९७७-१-४४७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।

नेपाल सरकार लगानी बोर्डको कार्यालय २०६८

पत्र संख्या:
च.नं.: २०७७/७८

मिति: २०७७ मंसिर ३०
(१५ डिसेम्बर, २०२०)

## प्रेस विज्ञप्ति

### चार ठूला पूर्वाधार परियोजनाको विस्तृत अध्ययन प्रतिवेदन पेश

**काठमाडौं ।** लगानी बोर्डले सहजीकरण गरिरहेका मध्ये चारवटा ठूला पूर्वाधार परियोजनाका विकासकर्ताले सम्बन्धित परियोजनाको विस्तृत अध्ययन प्रतिवेदन लगानी बोर्डको कार्यालय समक्ष पेश गरेका छन् ।

प्रतिवेदन पेश गर्ने मध्ये बीरगंज र भैरहवामा निर्माण हुने *Private Freight Terminal and Bulk Handling Facilities* परियोजनाको लागि विकासकर्ता कम्पनी *Flash Freight Logistics and International Cargo Terminal & Infrastructure Pvt Ltd* ले आज मंगलबार विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन *(Detailed Feasibility Study Report -DFSR)* पेश गऱ्यो । उक्त *DFSR* का लागि लगानी बोर्डको कार्यालय र विकासकर्ता कम्पनीबीच २०७६ मंसिर १५ मा समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।

यसैगरी, विराटनगरमा निर्माण हुने *Multi-modal Logistics Park* परियोजनाको विकासकर्ता कम्पनी *CG Logistics Pvt Ltd* र *Sharaf Group* ले समेत आज उक्त परियोजनाको *DFSR* बोर्डको कार्यालय समक्ष पेश गऱ्यो । बोर्डको कार्यालय र उक्त विकासकर्ता कम्पनीबीच २०७६ असार २ मा *DFSR* का लागि सहमतिपत्रमा हस्ताक्षर भएको थियो ।

साथै, *China-Nepal Friendship Industrial Park* परियोजनाको विकासकर्ता कम्पनीको तर्फबाट *Damak Clean Industrial Park* ले मंसिर २९ मा बोर्डको कार्यालय समक्ष विस्तृत परियोजना प्रतिवेदन *(Detailed Project Report-DPR)* पेश गरेको छ । २०७६ साउन १७ मा सम्पन्न लगानी बोर्डको ३९औं बैठकले उक्त परियोजना निर्माणको लागि ५८.६१ करोड अमेरिकी डलर बराबरको लगानी स्वीकृत गरेको थियो । उक्त परियोजना *Lhasa Economic and Technology Development Zone Jing-Ping Joint Creation Construction Project development Co. Ltd (JPJCCPD)* र *Damak Clean Industrial Park* को संयूक्त लगानीमा झापाको दमकमा निर्माण हुन लागेको छ । त्यसैगरी विरेठाँटी-मुक्तिनाथ केवलकार निर्माणको लागि विकासकर्ता कम्पनी मुक्तिनाथ दर्शन प्रा.लि.ले २०७७ मंसिर १४ मा बोर्ड कार्यालय समक्ष *DPR* पेश गरेको छ । कुल ८०.१६ कि.मि. लामो प्रस्तावित केवलकार विरेठाँटी, घोडेपानी, तातोपानी, लेते, कोवाङ, टुकुचे, मार्फा, जोमसोम हुँदै मुक्तिनाथ सम्मको हुनेछ ।

यसैबीच, लगानी बोर्ड कार्यालयको समन्वयमा बोर्ड कार्यालय, नेपाल विद्युत प्राधिकरण र होङ्सी शिवम् सिमेन्ट परियोजनाका पदाधिकारीहरुबीच उक्त परियोजनाको लागि आवश्यक विद्युत प्रसारणलाईन निर्माणमा देखिएका समस्या समाधानको लागि आज छलफल भयो । उक्त छलफलमा विद्युत प्राधिकरणका कायम मुकायम कार्यकारी निर्देशक हीतेन्द्रदेव शाक्यले आगामी जेठ भित्र उक्त परियोजनाको लागि प्रसारण लाइन निर्माण गरी विद्युत आपूर्तिको व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । उक्त अवसरमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले ठूला परियोजनाले रोजगारी लगायत देशको समग्र आर्थिक विकासमा उल्लेख्य योगदान पुऱ्याउने उल्लेख गर्दै यस्ता परियोजनाहरुको कर्यान्वयनमा आवश्यक सहजीकरणका लागि बोर्डले सक्दो प्रयास गरिरहेको बताउनु भयो । बैठकमा लगानी बोर्डका सहसचिव धर्मेन्द्र कुमार मिश्रले परियोजनाहरुलाई समयमै सम्पन्नहुने व्यवस्थाको सुनिश्चितताको लागि लगानी बोर्ड कार्यालय सदैव क्रियाशील रहने बताउनुभयो ।

२०७७।८।३०

धर्मेन्द्र कुमार मिश्र
सहसचिव एवं प्रवक्ता